# कटहरी गाउँपालिका
# Katahari Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of Rural Municipal Executive
## कटहरी, मोरङ
## Katahari, Morang

प.सं./Ltr. No.:
च.नं./Ref.No:

Koshi Province, Nepal
कोशी प्रदेश, नेपाल

मिति :................................

२०८२/११/२६

सूचना।　　　　सूचना।।　　　　सूचना।।।

दोस्रो पटक प्रकाशित सूचना

अगुवा महिला कृषकहरुलाई मिनि टिलर वितरण कार्यक्रम वडा न.४,५,६र७ सम्बन्धमा।

प्रस्तुत विषयमा यस कटहरी गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को प्रदेश सरकार तर्फको शसर्त कार्यक्रम अन्तर्गत अगुवा महिला कृषकहरुलाई मिनि टिलर वितरण कार्यक्रम ५० प्रतिशत लागत साझेदारीमा संचालन गर्नुपर्ने भएकोले इच्छुक तपसिल बमोजिमका अगुवा महिला कृषकहरुले निम्न अनुसारको मापदण्डमा रही तोकिए बमोजिमका कागजातहरु सहित यो सूचना प्रकाशित भएको मितिले ७ औ दिन भित्र (मिति २०८२/१२/०२ गते भित्र) यस कटहरी गाउँपालिकाको कृषि विकाश शाखामा आवेदन दर्ता गर्नुहुन साथै तोकिएको समय अवधि पछि आएको निवेदन मान्य हुनेछैन भनी सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| कार्यक्रम | मापदण्ड |
|---|---|
| २. अगुवा महिला कृषकहरुलाई मिनि टिलर वितरण कार्यक्रम वडा न.-४,५,६र ७ | ➢ कटहरी गाउँपालिका वडा न.-४,५,६र ७ भित्रको अगुवा महिला कृषकहरुले मात्र मिनि टिलरको माग गर्न सक्नेछ<br>➢ क्षेत्रफल: कार्यक्रम संचालन गर्न कृषकको हकमा न्यूनतम पाँच-दस कठ्ठ(५-१०) क्षेत्रफलको जग्गा हुनुपर्ने छ। |

निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु:

१. सक्कल निवेदन।

२. सम्बन्धित वडा कार्यालयको सिफारिस।

३. कार्यक्रम संचालन हुने स्थान (जग्गा/जमिन) स्वामित्व खुल्ने कागजात वा भाडामा खेती गरेको भए कम्तीमा ५ वर्षको करारनामाको प्रतिलिपि।

४. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

५. . बिगत २ वर्ष भित्र संघिय सरकार/प्रदेश सरकार/कृषि निर्देशनालय/कृषि ज्ञान केन्द्र तथा स्थानीय तहबाट कुनै पनि अनुदान नलिएको हुनुपर्नेछ र साथमा स्व-घोषणा पत्र।

११/२६

प्रमुख प्रशासकीय अधिकृत